प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
## प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्या:- २०७६।०७७
चलानी नं.:

मिति: २०७६।१०।०९

**विषयः- प्रेश विज्ञप्ती ।**

विगत केहि दिन यता यस मन्त्रालयको गतिविधी, पर्यटन भ्रमण वर्ष र मातहात कार्यरत कर्मचारी सम्वन्धी केही अनलाईन समाचार माध्यम तथा समाजिक सँजालहरुमा आउने गरेको समाचारहरु उपर यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्वन्धमा तपशिल वमोजिम यर्थात रहेको हुँदा समाजिक सँजाल तथा अनलाईनहरुमा आउने गरेको मिथ्या तथा कपोलकल्पित समाचारहरु निराधार र एकाँकी रहेको यसै प्रेश विज्ञप्ती मार्फत सम्वन्धित सवैमा जानकारीको लागी अनुरोध छ ।

जगन्नाथ प्रसाद जयसवाल
प्रवक्ता

**तपशिल**

१. कुनै पनि संस्थाको कृयाकलाप र त्यसको प्रभावकारीता संस्थाको आन्तरिक सक्षमता र भौतिक क्षमतामा निर्भर गर्ने गर्दछ । यसै सन्दर्भमा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रमा ६२ किसिमका क्षेत्रगत कार्य सम्पादनको जिम्मेवारी पाएको यस मन्त्रालयले आफु सहित २१ वटा कार्यालयहरु मार्फत कार्य संचालन गर्दै आएको छ । जनशक्तिको चरम अभाव र दयनीय भौतिक अवस्थाको चुनौतिलाई अवसरको रुपमा लिई मन्त्रालयले स्थापना काल देखी जनपक्षिय सेवा प्रवाह गर्दै आएको सर्व विधितै छ । सवारी साधनको हकमा भने मन्त्रालयको दैनिक कार्य सम्पादन प्रयोजनार्थ मन्त्रि/राज्य मन्त्रि/सचिवको लागी क्रमश एक/एक वटा गाडी र मन्त्रालय प्रयोजनको लागी एक वटा गरी जम्मा चार वटा गाडी सन्चालनमा रही आएको छ । यसरी सवारी साधनको चरम अभाव व्यहोरी रहेको यस मन्त्रालयले आ.व. २०७६।०७७ मा मन्त्रालय र मातहातका निकायको प्रयोजनको लागी प्रचलित कानुन वमोजिम नै प्रदेश वन निर्देशनालयको लागी १ वटा र मन्त्रालयको लागी ३ वटा गरी जम्मा ४ वटा गाडीको खरिद प्रकृया अगाडी वढाएको मात्र हो । यसमा कोही अमुख पदाधिकारीको व्यक्तिगत ईच्छा र निर्देशनानुसार कुनै कार्य नभएको यथार्थ यसै प्रेश विज्ञप्ती मार्फत सवैमा अनुरोध गर्दछु ।

२. पर्यटन भ्रमण वर्ष २०२० को लागी प्रादेशिक कार्यक्रम अन्तरगत चालु आ.व.मा मन्त्रालयमा रु. १ करोड रकम विनियोजन भएको छ । हाल सम्म उक्त शिर्षकमा शुन्य खर्च रहेको छ । ससर्त तर्फ मनिष झा संयोजक रहेको प्रदेश नं. २ को भ्रमण वर्ष २०२० को लागी रु. २५ लाख प्राप्त भएकोमा हाल सम्म उक्त शिर्षकमा करिव पौने ३ लाख मात्र खर्च भएको देखिन्छ । यस सन्दर्भमा करोडौको खर्च भएको भनि सतही प्रचार प्रसार गर्ने कार्य दुःखद र निन्दनिय रहेको मन्त्रालयको ठहर रहेको छ ।

३. मन्त्रालयको लागी निर्धारित दरवन्दी अनुसारको जनशक्ति मध्ये आधा जनशक्तिवाट मात्र मन्त्रालयले आफ्नो दैनिक प्रशासनिक कार्य सन्चालन गर्दै आएको छ । पेशागत दक्षता, कार्य प्रतिको लगनशिलता, विषयगत अनुभव र उच्च नैतिकताको जगमा रही निर्विवाद रुपमा कार्य सम्पादन गर्दै आई रहेको मन्त्रालयको वर्तमानको जनशक्ति र निजहरुको पवित्र आचरणलाई आँच आउने गरि परिभाषित गर्ने प्रयासले कर्मचारीहरुको मनोवल खस्काउने कार्य गरेको छ । मर्यादित पेशाको मानहानी गरेको छ । कर्मचारीको आचरण र नैतिकता मापनका कानुनी आधार तथा छानविनका प्रशस्त संयन्त्रहरु हुँदा हुँदै जिम्मेवार पदाधिकारीवाट नै समाजिक सन्जाल मार्फत यसतो घृणित अभिव्यक्ति दिने कार्य दुखःद रहेको मन्त्रालयको ठहर रहेको छ ।

Scanned by CamScanner